भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रद्वारा आयोजित

# सर्भे साहित्य सभा, २०७९

२०७९ भाद्र १७ गते, शुक्रबार




नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र
धुलिखेल, काभ्रे
२०७९

# मेरो भनाई

नेपालमा सर्भेयर्स एशोसिएशन स्थापनाको उपलक्षमा भाद्र १७ गतेका दिन सर्भेयर्स डे मनाइदै आइएको छ। यस दिन देशै भरिका नापी पेशा कर्मीहरु हर्ष र उल्लासका साथ विभिन्न कार्यक्रमहरु जस्तै ब्लड डोनेसन, मैत्रीपुर्ण खेल लगायत अनलाईन मीटहरु जस्ता कार्यक्रम संचालन हुदै आएको छ। २०७९ सालको सर्भेयर्स डे भने एकदमै नौलो तरिकाले मनाइयो। भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रद्वारा केन्द्रको प्राङ्गणमा नेपालमा सर्व प्रथम " सर्भे साहित्य सभा" को आयोजना गरिएको थियो । सो सभामा विभिन्न ३० जना श्रस्टाहरुले सर्भे सम्बन्धी विषयमा ३६ वटा साहित्यिक रचनाहरु वाचन गर्नु भयो । सो सभाको प्रमुख आतिथ्यता मुर्धन्य साहित्यकार प्रा. डा. खेम कोईराला 'बन्धु' ले गर्नुभएको थियो । सभामा विशेष अतिथिको रुपमा नेपाल सरकारका पूर्व सचिव एवम अग्रणी सर्भेयर श्री मधुसूदन अधिकारी तथा अतिथिको रुपमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव श्री जनकराज जोशी र राष्ट्रिय भूमि आयोगका सदस्य सचिव श्री अमिरप्रसाद न्यौपाने रहनु भएको थियो । सभामा श्रस्टा एवम श्रोताहरुको उत्साहपूर्ण सहभागिता रहेको थियो । सभाको अध्यक्षता केन्द्रका कार्यकारी निर्देशकले गर्नु भएको थियो भने संचालन प्रशिक्षक श्री सुदर्शन गौतमले गर्नु भएको थियो । सभाको संयोजनको काम प्रशिक्षक श्री भुवन सिंह बिष्टले गर्नु भएको थियो ।

विषयसूची


१. कविता
अमर कुमार झा ........ १
२. भूमिको भूमि हामी
प्रा. डा. खेम कोइराला "बन्धु" ........ २
३. गजल
ई. खिमलाल गौतम ........ ६
४. हामी नापी पेशाकर्मी
खेमराज देवकोटा ........ ७
५. म र तिमी
गणेशप्रसाद भट्ट ........ ८
६. कविता
गणेश भट्टराई ........ १०
७. यो जिवन र केन्द्र
गुरु प्रसाद दाहाल ........ ११
८. सुशासन, सर्भेयर र राष्ट्रसेवा
गोपाल रोकाया ........ १२
९. नापी
गोविन्द प्रसाद कुईटेल ........ १४
१०. नेपालमा जग्गा प्रशासनको ऐतिहासिक विकासक्रम
डम्बर भट्ट ........ १५
११. सर्भेयरको शान
नबराज बजगाई ........ १७
१२. जमिन
परीक्षा कोईराला ........ १८
१३. समृद्दिको सपनामा हामी कहाँ चुक्यौं
डा. प्रदीप सापकोटा ........ १९
१४. थेडोलाइटमा सर्भे
भरत सार्की ........ २०
१५. बलन्डर जीवन
भरत सार्की ........ २१
१६. सर्भेयर हौ, बस्न कहाँ पाइन्छ र?
भुवन सिंह बिष्ट ........ २२
१७. क्षितिज तर्फ उडिरहेको चरो
भुवन सिंह बिष्ट ........ २३
१८. सर्भेयर सार
भुवन सिंह बिष्ट ........ २५
१९. सर्भेयर
मधु सुदन अधिकारी ........ २७
२०. सर्भेयर हुँ म
युवराज धिताल ........ २८
२१. अमिन
योगेन्द्र कुमार यादव ........ २९
२२. सर्भेयर
योगेन्द्र कुमार यादव ........ ३०

२३. हाईकु- सर्भे
योगेन्द्र कुमार यादव ........ ३१
२४. गजल
रमेश खड्का "उल्लास" ........ ३२
२५. मुक्तहरु
रमेश खड्का "उल्लास" ........ ३३
२६. सलाम सलाम सलाम
राकेश कुमार झा (रसिक) ........ ३४
२७. हामी सर्भेयर
रामविनय कुमार सिंह ........ ३५
२८. जीवन भित्र नक्सा
विद्रोही विवेक ........ ३६
२९. मेरो पेशा
शिव बहादुर चन्द ........ ३७
३०. नापी : मेरो दैनिकी
श्रीकृष्ण भण्डारी ........ ३८
३१. केराको घरी
संजय मानन्धर ........ ४०
३२. Granny Triangulation
Sabina KC ........ ४२
३३. सर्भेयर्स को पिडा
सरोज कुमार बि. के. ........ ४३
३४. कविता
सुरजमाथा शून्य ........ ४५
३५. हाम्रो सर्भे
सुरेश जोशी ........ ४६
३६. अमिन र जमिन
सुरेश जोशी ........ ४८

## कविता



**अमर कुमार झा**
सर्भेक्षक, नापी कार्यालय मोरङ

समयसँग परिवर्तन भै अगाडि बढ्ने गर्नु

बाध्यता र परिस्थिती सँग हरेस नखाई लड्ने गर्न

समाजमा फुल भएर रम्नु काँडा भएर होइन

कार्यालयमा मुस्कान सहितको सेवा प्रदान गर्नु साथिहरु

ऐन नियमलाई नमिचि कसैको दवाबमा नपरि

सेवा प्रदान गर्दै जानु साथिहरु

यहाँ त केवल मुस्कान सहितको सेवाको आवश्यकता छ

रिस, डाहा र झै झगडा गर्ने सेवकको खाँचो छैन

लिएर अगाडि बढ्दै गर्नु पवित्र भावना

म अमर झाको यहि छ सर्भे साहित्य सभाको शुभकामना ।।

• • •



**प्रा.डा. खेम कोइराला"बन्धु"**
प्राज्ञ, नेपाल एकेडेमी

**भूमिको भूमि हामी !**

बाबु नानी हो !
बताउंछु केही कुरा आज

नेपाल सुन्दर शान्त विशाल

देख्छौ सुन्दर सर्वोच शिखर
अनि
यी हिमालहरु
ती पहाडहरु
गैरबताका प्रतीक
तिनलाई चिनाएको हामीले नै हो

भन्छौ यी अति सुन्दर पहाडहरु
भन्ज्याङ र देउरालीहरु

डाँडा काडाँहरु
पाखाहरु

लेक बेंसीहरु
कुलो कुलेसाहरु

भेटाएको,
देखाएको,
बुझाएको हामीले नै हो

हरित शस्य श्यामला
तराईका फांट
चारकोसे झारी समेत
जङगल बन बुटा वनस्पति
पहिल्याको हो
हामीले नै

भन्छौ बुद्धको जन्म भूमि पवित्र
ऐतिहासिक गौरव
त्यसको पनि
नाप जोख गरेको हो हामीले नै

सीता भूमि भन
वा
जन्म भूमि
अथवा
सिमरन गढ खोज

वा
चुरे ,महाभारत ,भांवर ती देखाएको हामीले नै हो

उपत्यकाका पुरातत्व, मन्दिर वा मूर्ति
देश  भरका संपदा
हिसाब किताब राख्नने हामी नै हो
सेवक हामी

मालिक भूमि  / माटो
देश
रास्ट्र
अखन्ड

हेर जल ,
हेर थल सम्पदा जेजति
त्यो छुट्याउने हामी नै त हो
पुर्खाआर्जित यो भूमि
अहा!
त्यो गौरव  ता
यो गौरव  बनाउने

यावत यो भुमिका हो हाम्रो

जमिन
जमिनका वस्तु देखाउने काम  हामीको नै  हौ

पुर्खाको नासो यो अखण्ड  भूमि
चार किल्लामा सुरक्षित गर्ने
रेखाङ्कन गर्ने पनि हामी नै हो

आमाले बाबु चिनाए झैं
यो नेपाल, यो  चीन, यो भारत
यो यता पर्छ
यी यता यस्ता

सिक्किम यो
भुटान यो भनेर छुट्याउने हामी नै हो

सीमा  छुट्याउने जंगे पिलरको हिसाब पनि हाम्रो हो

अब
सजिलो गरि भन्छु-
हामी नै   हौं-
भुमीको रेखा खिच्ने
एक-एक इन्च  तीलदाना समेत छुटाउने

*२०७९ भाद्र १७ गते, शुक्रबार*

भन-
जे अमीन वा जमीन
जमीन वा अमीन एउटै

काम त मेरो उहीँ नै हो-
जमीन नाप जोख
तुलो लिएर

गर्छौं हामी बिबादको व्यवहारिक निरुपण
यसको न्यायाधीश नै हामी हौं

सिद्धान्त हाम्रो हो -
'मागि मिठो खादैन चोरी राम्रो लाउदैन'

पसिना रगत बगाएर आर्ज्याको
पुर्खाले पल-पल बचाएको
पवित्र भूमि खुट्याएको हामीले नै हो

पुर्खाले सुम्पेको भुमि
स्केलमा देखाएको ,बताएको, चिनाएको ,
हामीले नै हो

हेर बाटो, कुलो, खहरे, खोलो
हेर
निर्माण सबै चिनाउने हामी नै हौ

बन्द आँखा
तर
सधै खुल्ला नचिनिने भुमि

खोल्ने आँखा हामी नै हो

भूमि मात्र के भूमि माथिको आकाश यति हामीले नै देखाउने हौ

नानी बाबु हो !
बुझ्ने छौ पक्कै
यो भूमिको लागि हाम्रो काम भन्दैनौं

हो हाम्रो कर्तव्य,
हैन यो केवल सीप
यसमा त कला
ईमानदारीको हाम्रो

बुझ हाम्रो योगदान
हो यो हाम्रो कर्तव्य
धर्म नै भन

**२०७९ भाद्र १७ गते, शुक्रबार**

धर्म  फराक न गर्ने हामी

देशको भूमिको पलपल निगरानी
जन जनको जन मनको
सेवा  कर्तव्य  मान्ने  हामी

नेपालको, नेपाली माताको,
ऋणि हामी
मातृ भुमि प्रतिको एक निष्ठा
जय होस्  यो रास्ट्रको
यो भूमिको
नेपाल  आमाका सन्तानको
मानवताको
पाउं गर्न सेव यसरी  नै
अझ अझ राम्रो

...

**गजल**



**ई. खिमलाल गौतम**
प्रमुख नापी अधिकृत
नापी कार्यालय कावासोती

के छ र यहाँ मन दुखाउन किन पर्यो।

मैले चुमेको चुलीबाट त ओर्लिन पर्यो।

कति सम्झिनु र तिमीले दिएको जुत्ता,

आफ्नै खुट्टाको औला त बिर्सिन पर्यो।

ए जिन्दगी तँ के पाएर खुशी हुन्छस्,

तेरो लागि मैले मृत्युसँग उभिन पर्यो।

प्रिया यो कस्तो फाइदा हुने पहिरो हो,

हिमनदीका किनारहरू जोडिनु पर्यो ।

...

## हामी नापी पेशाकर्मी



**खेमराज देवकोटा**
प्रशिक्षक, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

सर्भेयर हामी खेतका गरा नाप्दै नाप्दै हिड्ने
जनताका जग्गा विवाद सुल्झाउन भिड्ने
चेन, कम्पास,P.T, T.S प्रयोग गर्दै नाप्यौ
राष्ट्रहितको जिम्मवारी हाम्ले काधमा थाप्यौ

कहिले हिमाल कहिले पहाड कहिले तराई घुम्दै
सर्भे गर्न सफल भयौ सगरमाथा चुम्दै
नियम कानून बनायौ भुमि व्यवस्था गर्न
अनुरोध गर्छौं सबैलाई यस्को लागु गर्न

प्रगतिको घामको झुल्का LMTC मा देखियो
LMTC, हाम्रो सान ISO Certified लेखियो
एकजुट भै लागौ हामी नापी पेशा कर्मी
पेसागत हितका लागि नभनी जाडो गर्मी।

...

*२०७९ भाद्र १७ गते, शुक्रबार*

**म र तिमी**



**गणेशप्रसाद भट्ट**
कार्यकारी निर्देशक, भूमि व्यवस्थापन
प्रशिक्षण केन्द्र

म पीटी, तिमी अमीन।
म र तिमी, अनि जमीन॥
संगै भेट, भयो हाम्रो।
नाता जुर्यो, कति राम्रो॥

जमीन थियो, म आएँ।
त्यै भएर, माया पाएँ॥
म थिएँ, तिमी आयौ।
नजानिदो, प्रीति लायौ॥

वाचा कसम, संगै खायौं।
राम्रो गर्ने, गीत गायौं॥
यै जमीनमा, लडदै पडदै।
छायौं डाँडा, काँडा चडदै॥

तिमी बोल्ने, मैंले सुन्ने।
तिमी सोच्ने, मैंले गुन्ने॥
म त कैलेइ, बोलिन है?
मनका कुरा, खोलिन है??

तिम्रो बाटो, मेरो पनि।
जति हिंड्यौ, हिंडे म नि॥
डाँडा काँडा ढाक्यौं हगि?
माया मुटु साँट्यौं हगि??

संगम भयो, संगै जियौ।
नासो नक्शा, नाम दियौं॥
हजारौंमा, जन्मायौं है?
सेवा गर्न, अन्मायौं है??

गर्व लाग्छ, हाम्रो नासो।
रक्षा गर्दा, धर्ति माटो॥
सुन्छु मैंले, कहिले काहीं।
बिग्रेछ रे, नासो चाहीं॥

केही दोष, हाम्रो हो की?
वाचा बन्धन, चाम्रो भो की??
केही दोष, उनको हो की?
हाम्रो नासो, ओझेल भो की??

उनको कुरा, उनै जानुन।
जे गर्ने हो, आफै गरुन॥
म त सधैं, तिम्रो भर।
गुनासो छ है, मेरो तर॥

नहल्लाउने, नजिक हेर्ने।
सही ठाउँमा, बसी घेर्ने॥
वाचा के के, थियो क्यारे?
तोड्दै कति, हिंड्यौ प्यारे॥

मैले बोल्नै, सकिन नि।
हल्ल्यो भन्न सकिन नि॥
टाढा टाढा, जब हेर्थ्यौं।
लाग्थ्यो तिम्ले वाचा बिर्स्यौं॥

धर्का मोटा, कोर्यौ कि त?
घेर्नै तिम्ले, छोड्यौ कि त??
अन्तै आखाँ, लगायौ की?
आफ्नै स्वप्न, सजायौ की??

मलाई गाली, नगर्नु है।
अब पछि, नसर्नु है॥
मैंले जति, सक्दो गरें।
अब आँखा, चिम्म गरें॥

अहिले अर्की, आकी छ रे।
तिम्लाई माया, लाकी छ रे॥
त्यसैसंग, माया लाउनु।
फेरी डाँडा, काँडा छाउनु॥

अव वाचा, नतोड्नु है।
घेर्न कतै, नछोड्नु है॥
नौलो जोडी, अघि बढोस।
सफलताको, शिखर चुमोस॥

...

## कविता

उन्को मेरो नजरको लाईन अफ साईड एउटै थियो
Target आखा भयपनी direction  चाइ back fore थियो।

उन्को तो मन्द मुस्कान को signal  ले
यो दिल भित्र प्रेप को लेजर लाईट दिदै थियो

Telescope त मैल पनि नघुमायको काहा हो र
बाइसेट हुने नजर एउटा उन्को मात्रै थियो

Tilt मात्रै भयको यो दिल पुरै oblique भैसकेछ्
नजर को scanner  ले पुरै इमेज लिदै थियो

उन्को बुवा लाई Australian PR वाला  चाइन्छ रे
PR त याहा निर obstacle पो हुँदै थिय्।

बुहारी त गोरी चाइन्छ भन्ने मेरो बुवा
हल्व काली त के भोर तो त error भित्रै थियो ।

...



**गणेश भट्टराई**
अमिन ,नापी कार्यालय
रुपन्देही भैरहवा

## यो जिवन र केन्द्र



**गुरु प्रसाद दाहाल**
पुर्व नायव सुव्वा, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

यो जिवन यसै वितिगयो सरकारी सेवा गरी।
आगामी दिन वित्छ कसरी जान्दैन कस्तै गरी।
यतिका दिन सम्म सहयोग दिने सारा ती मित्रहरु।
भुल्ने छैन कदापी मैले संसार रहुन्जेल बरु।

माया मोह त लाग्छ जसरी हाँस खेल गरेको कति।
तिता मिठा सबै भुलिकन यहाँ राखुन समालि जति।
बोले जानी नजानी कति त गाह्रो त्यो साह्रो होला।
भुलै हो भनी माफ दिनुहोस सन्तोस बन्नु होला।

जहाँ मिहेनत गरेर जसरी वस्ने रहर त्यो जति।
राम्रो साथ रहेर खुसी सँग रम्ने रमाउने कति।
लाख जति हुन्छ सवाल त्यो देखेको हुन्न जति।
आउछ समय त्यो एकैपटक दोहिन्न चाहे जति।

यस्तै भो समय घुमी यो छाड्ने ति दिनै भयो।
सवैको यसै रितले आउने र जाने छ यो।
समय सँग कसको लाग्दैन कस्तै गरी ।
दिनै वितिगयो अवत आउदैन जोडै गरी।

हरियाली फाट जति हुन्छ हास्तै रमाउदै रहनु।
संगै ति मित्रहरु राम्रा त्यो सम्झी रहनु।
वोले हासे जति यो राम्रो त्यो लिई रहनु।
नराम्रो जतिलाई अहिल्यै सम्पुर्ण विर्सिदिउन।

यति धेरै जसको माया समाल्छु आज कति।
जस्ले छोडि गयो भनेर सम्झेर राख्छन जति।
यादै समाली जहिले जतन गरी रादिनु ।
भेटै भए जहिले पनि यो सम्झेर हासी दिनु।

तिमी हासे म हास्न सक्छु जहिले हे केन्द्र हासी दिनु।
तिम्रो मुहार खुशी रहोस् सुवास छरी दिनु।
विदा देउ आज तिमीले कल्याण बडदै अनि।
भलो होस् सबै जनको नया यो कार्य पनि

...

## सुशासन, सर्भेयर र राष्ट्रसेवा



**गोपाल रोकाया**
प्रशिक्षार्थी, जुनियर नापी तालीम

खै कहा गयो आज यो आवाज
खै कहा गयो आज यो व्यवहार
कतै रावणले सिता झै
औसींको रातले अपरहण गर्यो कि
यात भालु लाइ जंगल लग्यो
खै कहा गयो कहा ?

सुशासन ओ सुशासन
जहाँ पारदर्शिता र जवाफदेहिताको कुरा हुन्छ
निजामती सेवा ऐन र नियमावलीको रचना हुन्छ
जुन ऐनले जुन नियमावलीकोच सबैको हित हुन्छ
र एउटा सर्भेयर जन्मिन्छ

(त्यहि सर्भेयर)२
आज कुहिरोको काग बनेको छ
यो यस्तो पिडादायी अवस्था छ कि
हिजो भिमसेनको पत्नी सति गए जस्तो
तुषार याममा सुति रहेका फूल जस्तो
वैशाख जेठमा  हिउँ पहाड पिठ्युमा लादे जस्तो
खै यो पिडा कस्तो कस्तो ?

ओ निजामती सेवा ऐन ओ  निजामती सेवा नियमावली
तिमिलाई एउटा राष्ट्रसेवक प्रति दया जागेन ?
किन टुलटुल हेरि रहन बाध्य बनायौ संसद भवनमा

जँहा सचिवलाई प्रस्तुत हुनै दिदैनौ
किन आफुलाई सफल देखिरहेछौ कागजी पानाहरुमा
यो चिल्ला भाषणले सुशोभित हुन दिने समय हैन
ललिपप देखाएर बच्चा भुलाए  जस्तो गर्ने क्षण हैन
चालिस अंकमा पास, असी अंकमा फेल गरी
निजामती प्रशासन ध्वस्त पार्ने खेल पनि हैन
यो त
एक मुठि बल भए पनि, एक थोपा रगत भएपनि
राष्ट्रसेवामा तल्लीन हुदै, बुलन्द आवाज
कुना कुन्दरासम्म फैलाउने क्षण हो ।

नेपालको संविधान २०७२,  अब गर  जे जे गर्न सक्छौ
कतै फेरि संसोधन गरी सृजना गर्न सक्छौ भने
एउटा अर्को संवैधानिक निकायको गठन गर,
कतै प्रत्येक राष्ट्रसेवकलाई आकर्षक सुविधा
दिन सक्छौ भने देउ,

२०६८ भदौ १२ को निर्णय खारेज गर्न सक्छौ
भने गर
संघीय निजामती सेवा ऐन जारी गर्न सक्छौ ॥

...

**नापी**



**गोविन्द प्रसाद कुईटेल**
नापी अधिकृत, नापी कार्यालय
साँखु

मेची बसि महाकाली पढ्न पाईन्छ ।
अग्लो छ कि भिर पैह्रो बुझ्न सकिन्छ ॥
हेर्दा एउटा पानो जस्तो संसार देखिन्छ ।
हरियो निलो रातो कालो देख्न पाईन्छ ॥

हरियो भन्या जँगल रैछ, निलो पोखरी ।
कालो भन्या सिमा रै छ, मेरो घडेरी ॥
खोला-नाला, खोल्सा-खोल्सी देख्ने रै छ पूरा ।
बा ले गर्थे माटो मुरी, मौजावालको कुरा ॥

जिम्वाल अनि पटवारीकै, भरमै थियो जग्गा ।
डोरी तानी भद्र भलाद्मीले, गरीदिन्थे बण्डा ॥
खगोल नापी, टोपो नापी, थाहै थिएन ।
रोपनी, आना, पैसा दामको, कुरै भएन ॥

ट्रिग प्वान्ट भन्ने ढुंगा थियो, कान्ला कन्टुर ।
भद्र भलाद्मीले सिमा नाप्थे, सबै मन्जुर ॥
मौजावाला भुडी भर्थे, जोत्ने सधै मारमा ।
नापी आयो न्याय दियो, अनि २१ सालमा ॥

साईट भेनले नाप्ने गर्थे, टोटल स्टेसन आयो।
कुर्केल ग्राफसपेनको काम, रोटरिङले पायो ॥
स्केल हाल्न कठिन थियो, कम्प्यूटरले नाप्छ ।
सेन्टिमीटर गाह्रो थियो, मिलिमिटर भन्छ ॥

प्रबिधीको बिकाश संगै, तालिम धेर पाईयो ।
प्लेनटेबुल पन्छायर, जिपी एसमा आईयो ॥
गर्व गर्नु पर्छ हाम्ले, हाम्रो नाप नक्सामा ।
सगरमाथा चढेका छन, उचाई नाप्ने क्रममा ॥

...

**नेपालमा जग्गा प्रशासनको ऐतिहासिक विकासक्रम**

डम्बर भट्ट

भुमिसंगको, सम्बन्ध हेर्दा, थालनि हो ढुङ्गे युग
आवश्यकता हेरि, विकसित भयो, रह्यो युगौ युग

पाउनु भो जग्गा, नेपालमा पहिले, रत्नेश्वर महादेवले
भेटिन्छ तथ्य, शीलापत्र सहित, चढाका मानदेवले

झै-झगडा बढ्यो, कमाउने नाउँमा, जग्गाको स्तिथिले
किनबेच चलाए, वि स १४४३ मा, राजा जयस्तिथिले

नाप्न थालियो, जमिन सबै ,बाँसको प्रयोग गरि
एकाइ जनाऊदा, हातको सट्टा ,भनियो रोपनि

राम शाहले, जग्गाको हक सम्बन्धि, नियम बनाए
साँध सिमाना, चारकिला तोक्ने, व्यवस्था गराए

जंग बहादुरले, प्रशासनिक कार्य, गराए जग्गाको
रेकर्ड राखि ,देख जाचँ गरे, नाप्नुको सट्टाको

तराईको जग्गा, जन्जिर ले नाप्ने, व्यवस्था गराए
१९५२मा, बिर शमशेरले सर्भेको, तहल्का मच्चाए

जग्गाको दर तोकि, चन्द्र शमशेरले ,लगत बनाए
अब्बल दोयम ,सिम र चाहार, नामाकरण गराए

आवश्यकता बढ्यो, नक्साको धेरै, खोलियो कम्पासे स्कुल
१९८०, प्लेनटेबल अनि ,कम्पासले नापियो भक्तपुर

सुधार्न नापि,१९९६ मा, खोलियो सर्भे गोश्वारा
१९९७ मा भयो, अमिन स्कुल, जुद्द शमशेरको पालामा

शूद्द रुपमा, नापि होस भनि, संगठन गरियो
अर्थ मन्त्रालय स्तिथ, २०१४सालमा, विभाग खोलियो

सात सर्भे दल, नाप्नलाइ देश, बनाइयो कानुन
२०१९बन्यो, भनियो जग्गा नापजाचँ ऐन

हेरेर ऐन, नियमावलि साथमा, सुरु भयो नापजाचँ
पुर्बमेचि देखि पश्चिम महाकालिको माझँ

टि एस बि खोलियो, शुद्दता ल्याऊन, २०२६ सालमा
सुरु भयो सर्भे, मकवानपुर देखि, २०२८ सालमा

३८र ३७, गरेर जिल्ला, ७५ बनाइयो

फ्रि शीट र ट्रिग शीट, भएर अधीराज्य सक्काइयो

लगत र प्रशासनिक, हेर्नलाई कार्य, मालपोत खोलियो
२०३४ सालमा, यसलाइ मालपोत ऐन भनियो

प्रविधि बढ्यो,  डिजिटल चाहियो, भन्ने  माग आयो
२०६५सालमा, विशेष नापि, स्थापना भयो

सर्भेको क्रम, विस्तारित रुपमा, बढ्दै छ अघि
लाईडर सर्भे, भइराछ अब, नेपालमा पनि

हेरेर एकछिन, निकालेर समय, पढौ सबैले
कामलाग्न सक्छ, केहि सर्भेको कुरा, सोधेछि कसैले

*नोटः सम्पुर्ण मिति हरु BS मा रहेका छन ।*

...

***२०७९ भाद्र १७ गते, शुक्रबार***

**सर्भेयरको शान**



**नबराज बजगाई**
सर्भेक्षक, नापी विभाग

नक्सा बिहिन बस्तिहरुको नक्सा कोर्न सकेदेखि
पुर्जा बिहिन मान्छेहरुको अधिकार खोज्न सकेदेखि
निश्चय नै बढ्ने थियो सर्भेयरको शान
बन्ने थियो यो देशमा बेग्लै पहिचान

दाजुभाईको मन जोड्ने नक्सा कोर्न सकेदेखि
थिचोमिचो भई लगाईएका पर्खाल फोड्न सकेदेखि
निश्चय नै .......

आधुनिक प्रबिधि मैत्री नक्सा बन्न सकेदेखि
सुचनाको राम्रो स्रोत नक्सा भन्न सकेदेखि
निश्चय नै......

बिस्तारबाद लाई रोक्न सक्ने नक्सा कोर्न सकेदेखि
खोसिएका भू-भागहरुको नक्सा जोड्न सकेदेखि
निश्चय नै...
लागेका ती दागहरुलाई मेटाउन सकेदेखि
जनताका दुख पिडा घटाउन सकेदेखि
निश्चय नै बढ्ने थियो सर्भेयरको शान
बन्ने थियो यो देशमा बेग्लै पहिचान

...

*२०७९ भाद्र १७ गते, शुक्रबार*

**जमिन**



**परीक्षा कोइराला**

युवाहरु हो !
पुर्खाले जोडेको
एक एक इञ्ज जमिन
आफ्नै पसिनाको
छाम त तिम्रो मन मस्तिष्क
शिरदेखि पाउँसम्म
नेपाल आमाको
सिमा पार
ऐतिहासिक भुमिको अन्तर्भुत
रगतका थोपा थोपाहरु
इतिहास हेर
टिस्टा र कांगडाको
माटो त मुटु नै त हो
तिमिहरुको स्वाभिमान
ढल्नु हुदैन सिमा स्तम्भहरु
जमिन पारखी तिमिहरु
पुरा होस तिम्रो सपना
माटोलाइ मुटु झै सुरक्षित गर्न
एक एक पलको तिमिहरुको अभिलाष
ढुकढुकी आमाको
ढाल बनोस सुरक्षा कवज
मातृभूमिको
मातृभूमिको

...

**समृद्धिको सपनामा हामी कहाँ चुक्यौ ?**



**डा. प्रदीप सापकोटा**
प्रमुख नापी अधिकृत, नापी विभाग

कालिकोटमा अन्न किन्ने टन्न बजेट छ भन्थे
LIDAR SURVEY गेरर पो बजेट सकियो ॥१॥

कित्तानापीमा कायापलट हुन्छ भन्थे
हाल साविक गेरर पो फुत्कियो ॥२॥

बरु हाल संग हाल नमिल्ने तर
साबिक संग हाल मिल्ने पो देखियो ॥३॥

NELIS  र MERO KITTA ले युगान्तकारी परिवर्तन हुन्छ भन्थे
पुरानो वोटलमा नयाँ रक्सी पो भेटियो ॥४॥

सुदुरमा सिटामोल किन्न टन्न पैसा छ भन्थे
खगोलका प्रविधी परिक्षणले पो रित्तियो ॥५॥

कर्णालीमा टन्न कपडा छ भन्थे
०.८६ मिटर उचाई बृद्धिले पो लुटियो ॥६॥

जलश्रोतको धनी देश भन्थे
नदी नाला बेचेर पो खुट्टियो ॥७॥

कृषि प्रधान देश भन्थे
भू उपयोग नियमावलीले पो लुटियो ॥८॥

मुलुकलाई स्वीजरल्याण्ड बनाउछु भन्थे
नेपाली रुपैयालाई स्वीस पो बनाए ॥९॥

भ्वाङै भ्वाङ दुलै दुलै जता ततै देखियो
समृद्धीका सपना त यसै गरी पो लुटियो ॥१०॥

...

## थेडोलाइटमा सर्भे



**भरत सार्की**
सर्भेक्षक,नापी कार्यालय दार्चुला

थेडोलाइटमा सर्भे गर्दा जिस्काइदियौ आखा तरी
लेभलिङ सेन्टरिङ बिगारिदियौ धेरै नाजिक सरी

टपको सट्टा बटम बाइसेक्ट भयो हिसाब बिग्रो
क्यालकुलेसन गर्दा गर्दै निदाइन म रात भरी

नर्थ नै गडबड हुन्छ कम्पास सर्भे गर्दा खेरी
लोकल अट्र्याकसन भयो तिमि आउदा वरि परी

बोडविच रुलबाट करेक्सन अनि एड्जस्ट गर्दानी
मिल्दैन हिसाब किन होला खोइ घरी घरी

मिल्ला मिल्ला जस्तै थियो सबै डाटा हरु
डिस्ट्रब गर्यौ त्यहि बेलामा मिस्कल गरी

फोकस गरि मुटुको डाइफराममा पार्दै थिए
बेपत्ता भइ निष्ठुरि एउटा मिठो मुस्कान छरी

तिमि एउटा स्टाफ म अर्को स्टाफ जस्तै भए
हाम्रो मायाको कोलिमेसन इरर गायो मरी

थेडोलाइटमा सर्भे गर्दा जिस्काइदियौ आखा तरी
लेभलिङ सेन्टरिङ बिगारिदियौ धेरै नाजिक सरी

...

**बलन्डर जीवन**



**भरत सार्की**
सर्भेक्षक,नापी कार्यालय दार्चुला

तिमि थेडोलाइटको होरिजन्टल सर्कल जस्तै छौ
३६० रिडिङ अनि फराकिलो मन भाकी मान्छे
म त थेडोलाइटको जेनिथल सर्कल जस्तै छुनी
१८० रिडिङ तिमि भन्दा ठिक आधा बाकी मान्छे

भन कान्छी तिम्रो मन ठुलो कि मेरो मन
त्यै भएर त बलन्डर भाको छ मेरो जिबन

फरक यति हो तिमि जुनसुखै दिशामा ० सेट हुन्छौ
अनि चाह्यौ भने जो संग पनि मिक्स भैदिने कान्छी
म त सधैका लागि जेनिथमा मात्र सेट भैराख्छु नि
कित जेनिथमा कित तिमि संग फिक्स भैदिने कान्छी

ल भन तिम्रो पोजिसन फरक कि मेरो पोजिसन
त्यै भएर त बलन्डर भाको छ मेरो जिबन

होरिजन्टल दुरि जस्तै सिधा मान्छे म त हेर
तिमि टोपो म्यापको कन्टुर जस्तै बाङ्गिन्छौ किन
तिम्रा हरेक खुशिहरु एड्जस्ट गर्दा गर्दै पनि
सधै सिस्टमेटिक इरर जस्ता चोटहरु दिन्छौ किन

तिम्रो मायामा हेर्दा त हजारौ इरर छन
त्यै भएर त बलन्डर भाको छ मेरो जिबन

टि एस जस्तै चोखो माया गरेको थिए मैले
प्रिज्म जस्तै देखिने मुटु त मिरर पो रैछ
मेरो मायाको रे फर्केर आउला सोचेको थे
नत रे फर्कियो न तिमि खोइ का पो गैछ

शब्दमै सिमित भयो  पार्ट पर मिलियन
त्यै भएर त बलन्डर भाको छ मेरो जिबन

चट्ट सजिएको नक्सा जस्तै थ्यो मेरो जिबन
सकि नसकि स्कयानर मा हालिदियौ कान्छी
अर्कैको जिआइएस मा पुरा डिजिटाइज गरी
टुक्रा पारि आज डस्टबिनमा फालिदियौ कान्छी

कान्छी तिमि जस्तो यो संसारमा धैरै छन
त्यै भएर त बलन्डर भाको छ मेरो जिबन

...

## सर्भेयर हौ, बस्न कहाँ पाइन्छ र ?



**भुवन सिंह बिष्ट**
प्रशिक्षक, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

सर्भेयर हौ, बस्न कहाँ पाइन्छ र ?
तिमी एक ठाँउमा बसिरहे,
जमिनको स्वरुप बदलिन सक्छ
प्रविधि क्षणभर मै पुरानो हुन सक्छ
सरकारी, सार्वजनिक जग्गामाथि कुदृष्टि पर्न सक्छ
सर्भेयर हौ, बस्न कहाँ पाइन्छ र ?

घाम, छाया, पानी नभनिकन
सधै आफ्नो तनलाई खटाउनु छ नि
घर, अफिस फिल्ड नभनिकन
तिमीले काम गर्नु छ नि
अरुको प्रलोभनमा नपरि
सर्भे पेशालाई मर्यादित बनाउनु छ नि
सर्भेयर हौ, बस्न कहाँ पाइन्छ र ?

राष्ट्रको एक इन्च भूमि तलमाथि नपर्ने गरि
सीमा रेखा कोर्नु छ नि
सीम पिलरको रक्षा गर्नु छ नि
लिपुलेख, कालापनीको नक्सा बनाउनु छ नि
सुस्तामा पुर्जा वितरण गर्नु छ नि
सर्भेयर हौ, बस्न कहाँ पाइन्छ र ?

तिमि रोकिए रोकिन्छन विकासका कार्य सबै
भौगोलिक सूचना नहुदा हुन्छन काम ठप्पै
विलय हुन्छन सीमा पनि
गतिशील पृथ्वीमा रोकिन्छ मेरो देश पनि
सर्भेयर हौ, बस्न कहाँ पाइन्छ र ?

चुनौतीहरु भरिपुर्ण छन जीवनमा
जिम्मेवारी छन थुप्रै काधमा
नभागी डटेर सामना गर मैदानमा
कानूनमा रही गर काम, प्रेरणा बन समाजमा
सर्भेयर हौ, बस्न कहाँ पाइन्छ र ?

• • •

*२०७९ भाद्र १७ गते, शुक्रबार*



**भुवन सिंह बिष्ट**
प्रशिक्षक, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

## क्षितिज तर्फ उडिरहेको चरो

एउटा चरो उडिरहेछ समयकालको आकाशमा
उडान भरेको जमिन देखिका कुरा सम्झिदैछ मनमा

केहि बेर आफैसँग बस्नलाई बोलाउदै छ
कुरा पंख फिजाउनु अघि देखिका सुनाउदैछ

छैन ठीक तिथि मिति सम्झेको
ऋग्वेद अर्थवेद देखि नै कर उठाएको देखेको

सर्भेइङ्गका विभिन्न क्षेत्रमा
पहिले कोपिला पलायो जग्गा प्रशासनमा

हले पाटे कुटे कोदाले हुदै कर उठ्यो
क्षेत्रकार तक्षकार भइ नाप्न शुरु गर्यो

डंगोल, देखजाँच, सर्पट हुदै तराइमा
फौजी नापी देखे भक्तपुरमा

नापी विभाग स्थापित राष्ट्रिय नाप-नक्सा निकायको रुपमा
बस्नलाई पाए बासस्थान मैले घरको रुपमा

नाप जाँच ऐन आयो कार्यान्वयनमा
बुधबारेबाट थालनी भयो कार्य भूमि सुधारमा

शैक्षिक योग्यताको प्रश्न उठ्थ्यो मनमा
तालिम केन्द्रले ल्यायो नयाँ जोश तनमा
थपियो नयाँ आयाम मेरो पंखमा

काटिएको चङ्गाझै उड्दै थिए बेपत्ता जानी नजानी
ट्रिगोनोमेट्रिक ब्रान्चले मेरो स्थान भेटायो
उड्न थाले Control Point लाई आधार मानी

Laplace Station, Gravity Stations सर्भेक्षण हुदै
मेरो कद, उचाई दिनानु थियो बढ्दै

देशको पहिलो नक्सा 32 सालमा प्रकाशन गरि
जिम्मेवारको रुपमा मलाई प्रस्तुत गरि

कालापानी, लिपुलेख कोरे नक्सामा

महत्व बुझे मेरो सबैले समाजमा
चारैतिर प्रशंसा हुदा, खुशीले गदगद भए मनमा

भू-उपयोग वर्गीकरणमा चुनौती थपिएको
कानुनत काम गर्न स्थानीयमा खटिएको

पुगे १५औँ चुली अध्याँरो रातमा
सारा विश्वको नजर म मा
मेरो अर्जुन दृष्टि चुचुरोमा
ज्यानलाई राखि जोखिममा
दैशकै जनशक्तिले पायो
नयाँ उचाई आफ्नै पहलमा

आफै भित्र भिन्न पात्रहरु देखे
साझा उद्देश्य पुरा गर्न
जोगाउन आफ्नो अस्तित्व
सबै पात्रहरु एक हुन रोजे
एक्लै हिड्दा आफ्नै छाया सँग डराइन्छ
साथ मिले दुनिया जित्न सकिन्छ ॥

...

## सर्भेयर सार



**भुवन सिंह बिष्ट**
प्रशिक्षक, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

सर्भेयर राष्ट्रको सीमा कोर्छ
संघर्षमा आफ्नो बहन्छ
नभनि रातदिन काम गर्छ

कहिले तराईमा नापजाँच त कहिले पहाडमा
भिन्नता छ समुदायमा, समानता छ स्वभावमा

संघीयतामा अघि कसरी बढ्ने अब
तीन वटै तहबाट मिलेर बनाऔ छुट्टै बैभव

सर्भेयर भए जनताको माझमा
जग्गा विवाद सुल्झाइ हुन्छन खुसीमा

चेन, प्लेन टेबलबाट शुरु भई इतिहासमा
डिजिटल प्रविधि छ अहिले हातहातमा

यहाँ कर्णाली गण्डकी सप्तकोशी बग्छन
तराई पहाड हिमाल जता गए त्यसमै ढल्छन

जति सुकै आए पनि बाधा अर्चन
सधै आफ्नो काम प्रति सर्भेयर समर्पण

संझौता बिपरितको क्षेत्र दशगजा
मिचेको देख्दा लाग्छ साह्रै नमज्जा

हटाउन विवाद प्राविधिक सहयोग अनिवार्य
हटाउ भ्रम जनमानिसमा गरेर सहकार्य

ISO Certified भएपछि LMTC, बढ्यो आश
सर्भेमा प्रशिक्षण हुने भयो झन खास

नक्साबाट पूर्वाधारहरु सयौ वर्ष टिक्छन
नक्सा बिना सफल विकास कहाँ हुन्छन ?

नक्साको छ महत्व भिन्न
शायद  ढिला गरे अरुले चिन्न

अमिन, सर्भेक्षक थुप्रै छन नाउँ
अझै पनि आफ्नो ठाँउ खोज्न कता जाउ ?

नसोध, भौगोलिक सुचनाको महत्व कति ?
दैनिक आइपर्ने आधाभन्दा बढी समस्या सबैमा जति

यहि हो मेरो सार,
सर्भेयर नभए लाग्दैन केहि पार
सर्भेयर नभए लाग्दैन केहि पार ॥

...



**मधु सुदन अधिकारी**
पूर्व सचिव, नेपाल सरकार

**सर्भेयर**

यी

अग्ला

चु चु रा

चौडा फाँट

गहिरा नदि

समुद्रका छाल

अन्तर्राष्ट्रिय सीमा

भित्री सुरुङ्का बेयरिङ्

विशाल पृथ्वीकै आकार

कित्ता कित्ताका साँध सिमाना

खगोलीय पिण्डको गति

उड्दो विमानको स्थिति

नापेर तथ्य दिने

समृद्धि यात्राको

अग्र पङ्तिमा

स र्भे य र

स र्व दा

तिमी

छौ

...

*२०७९ भाद्र १७ गते, शुक्रबार*

**सर्भेयर हुँ म**



**युवराज धिताल**
अमिन, नापी कार्यालय घोराही

ठूलो नक्साको सानो कित्ताबाट हुर्किएको सर्भेयर हुँ म
मेरो जननी नक्साको सम्पुर्ण भागमा कलाकृति भर्दैछु।
तिम्रो नयनबाट एकथोपा आँसु नझरोस भनेर
बैरी छेक्दै काँडेतारले border सर्भे गर्दैछु।

स्केलको सानो रेखाभित्र ठूलो राष्ट्रियता अटाउने सर्भेयर हुँ म
संसारलाइ हातमा राखेर हेर्न सक्ने )ग्लोब (मैले बनाएको हुँ
मेचीकालीको प्रबाहलाइ निलो रगंले रङगाएर
अखण्ड राष्ट्रको मानचित्र भित्र खण्ड खण्ड स्वामित्व दिएको सर्भेएर हुँ म

दुर दराजमा पुगेर देशको, देश प्रेमका आँशु झार्दै
प्लेन टेवुलमै नक्सा कोरेर जुनी विताएको सर्भेयर हुँ म।
प्रकृतिका सवै detail हरुको सिँहावलोकन गर्दै।
सगरमाथाको मानचित्र भित्र त्रिआयाम दिने सर्भेयर हुँ म।

जन्जीर र प्लेन टेवलको भारी बोक्दा बोक्दै वुढो भएर
Total station र auto cad को सृजना गरेको सर्भेयर हुँ म।
मानचित्रको ईतिहासमा एउटा गतिलो प्रविधि नपाएर
पेन्सील र ईरेजरको सहायताले इतिहास लेख्ने सर्भेयर हुँ म।

पाखा पखेरीका सुरीला भाकामा वर्षे झरीका दुःख विसाउदै
नक्सा कोरेरै जुनि विताएको अथक विधाको सर्भेयर हुँ म।
प्राण वायु पिठ्यूमा वोक्ने पिलपिल आँशु नयनमै रोकी
सगरमाथाको मापन गर्ने अथक विधाको सर्भेयर हुँ म।

शिर बनाउने ध्रुव तारालाई plane table लाई छाती वनाउने
GIS लाई छोरा वनाउने NELIS लाई नाती वनाउने
सगरमाथको गहीराई नाप्ने समुन्द्रको उचाई नाप्ने
अथक विधाको सर्भेयर हुँ म।

पहाडका चुचुराहरुमा Triangulation को जालो वनाउने
सुकुम्वासीहरुलाई स्वामित्व दिएर सवैको अनुहार उज्यालो वनाउने
अथक विधाको सर्भेयर हुँ म।

...



**योगेन्द्र कुमार यादव "योगेश"**
नापी अधिकृत, नापी कर्यालय बाग्लुङ्ग

**अमिन**

आयो अमिन नापेर गयो जमिन ।
घर बारीको विवाद टुङ्गो लगाइ गयो अमिन ॥

चेन टेप बोकी फिल्डमा कुदयो अमिन।
जग्गा पुगे नपुगेको रहस्य उदघाटन गर्यो नविन॥

ब्लु प्रिन्ट नक्सामा लगाउछन् फुच्चे स्केल ।
साँध सिमानामा निरुपण गर्छन शंकाको भेल ॥

उपस्थित सांधसधियारहरुको तर्कसँग खेल्छन् खेल ।
जग्गा प्रशासनको उधुम ज्ञान राखी गराउछन् मेल ॥

दुःख कष्ट सहन्छ, सेवा सुबिधा लिन गर्दैन अन्दोलन ।
चित्त बुझाउंछन् आफ्नो गरेर कित्ताकाट रेखाङकन् ॥

गर्न रेखाङ्कन, पेन्सल तिखार्छन् ।
आंठो आंठो घुमी जमिन नक्सामा कोर्छन् ॥

चेन, टेप, स्टाफ हुदै कुरा सर्काउछन जि. पि. स. तिर ।
अन्तिममा भन्छन घरै बन्दैन तिम्रो नआए अमिन भेटन नापी तिर।

जसले जे भनेपनि जग्गा प्रशासनको अहम् भागमा बसेको हुन्छ अमिन ।
भुलबस बिबादमा पर्दा हाकिम बडा हाकिम सहयोग भन्दापनि देखाउंछन् तारा तिन ।

कसैको दया माया होइन समय समयमा प्राबिधिकलाई गराउं तालिम ।
सेवामा बडो सहयोग हुन्छ छानि छानी दिउं सेवाकालिन तालिम ॥

• • •

## सर्भेयर



**योगेन्द्र कुमार यादब "योगेश"**
नापी अधिकृत, नापी कर्यालय बाग्लुङ्ग

सर्भेयरको जिन्दगी  चेन टेप र पेन्सिलमा ।
कित्ता सिमाना हलिए रहन्छन टेन्सनमा ।।
प्लेन टेबल कसी सेट गर्छन पेपर माउन्टिङ।
एच. बि. पेन्सिल तिखारी गर्छन एलिडेडबाट रिडिङ ।।
स्टाफ सिधा राख भनि गर्छन ईशारा हातले।
जग्गा यता उता नहिडुन भनि नमस्कार पाउंछन दुबै हातले ।।
खोला नाला सहित नक्सा कोर्छन जग्गा जमिनको ।
नराखी डर भर घरी घरी चेक गर्छन त्रुटी पल्मबबको ।।
नियन्त्रण बिन्दुको देखि गरिबी मायाले गर्दिन्छन ट्राभर्स ।
ईन्टरसेक्सन रेडिएसन गरि रिसेक्सन निकाल्न लगाउंछन पावर हर्स ।।
नक्सामा नउडने मसि भर्छन रोटरिङ, ग्राफ्स र क्रुकेलले ।
फिल्डबुकमा नाम कोर्छन हक भोग तिरो प्रमाणले ।।
अब्बल दोयम सिम चहार किसिम दिई बिरह लेख्छन बर्तमानको ।
मालपोत ठेक्न अधार बनाउछन् गर्देनन आश फिल्ड र भ्रमण भत्ताको।।
जिवनको उर्बर समय लगाउछन भुमीको नाप जांचमा ।
सहयोगको याचना हाकिम संग लगाउदा निम्छरो बोलि सुन्छन कार्यकक्षमा ।।
यस्तै रहेछन हजुर सुकुम्बासी जिन्दगी सर्भेयरको ।
नाप्या नापै गर्छन धन्दा गर्देनन आफ्नो लालपुर्जाको ।।

...



**योगेन्द्र कुमार यादब "योगेश"**
नापी अधिकृत, नापी कर्यालय बाग्लुङ्ग

**हाईकु-सर्भे**

हे सर्भेयर
नाप भू, नभ, नीर
नलिई पीर

भू मा सिमाना
कच्चा सांध सिमाना
ठग जमाना

लगाउ बैना
राम्रो भए सिमाना
देखाएर चिना

ताराको ठाउँ
खोज गरेर जाउं
बिरानो गाउं

महा सागर
सन्धिको गागर
सिमा काँतर

...

**गजल**



**रमेश खड्का "उल्लास"**
अमिन, वीरेन्द्रनगर नगरपालिका सुर्खेत।

तराई नियाल्छौँ पहाडसङ्गै हिमालको पत्थर नियाल्छौ।

हों  सर्भेयर हो हामी जमिनसम्बन्धी जहर नियाल्छौं।

डाँडाकाँडा भिरपाखा खोलालाई साथी जस्तै बनाएर।

त्यहि खोला,भिरपाखा अनि सँगैरहेको अगर नियाल्छौं।

सधै सूख मात्रै हुदैन रमाइलो मात्रै हुँदैन केही त दुख नी छ।

सिमानाको विवाद नियाल्छौं अनि त्यसको असर नियाल्छौ।

पोख्दैनौं गुनासो अनि दुःखका पोका बाँधेर सञ्चित हुन्छन्।

"जमिनका लागि अमिन"भन्दै जोखिम र समर नियाल्छौं।।

(नोट: गजलमा लेखिएका केही काफिया जस्तै  अगर= हिमालमा हुने धुपिको काठ ,  समर= झगडा,लड़ाई को अर्थ दिन्छन्।)

...

## मुक्तकहरु



**रमेश खड्का "उल्लास"**
अमिन, वीरेन्द्रनगर नगरपालिका सुर्खेत।

१,

घर नाप्नु छ देशै भरीमा प्रखाल नाप्नु छ।
तराई नाप्नु छ पहाडगरी हिमाल नाप्नु छ।
दुःख पिडा हुन्छं नरोकिनु सर्भेयर ज्यूहरु।
शुद्ध बनाउनु छ, त्रुटिका सवाल नाप्नु छ।

२,

काटेर पुनः जोडेर मिलाउन पर्छ ।
हो सर्भेयरहरु लागेर मिलाउन पर्छ।
गाली पाइन्छ कतैबाट ताली पाइन्छ।
कित्ताहरु जाँदैनन् खेर मिलाउन पर्छ।

३,

सानो जोड्न सक्छौ ठुल्ठुला शेर जोड्न सक्छौ।
गएको अस्ति गएको हिजो अबेर जोड्न सक्छौ।
ए नेताहरू! जनतालाई देशसंग जोड्न किन सक्दैनौं?
हामी सर्भेयर टुक्रेको भूमि मिलाएर जोड्न सक्छौ ।

•••

## सलाम सलाम सलाम



**राकेश कुमार झा (रसिक)**
प्रमुख नापी अधिकृत, नापी कार्यालय
महोत्तरी

जसले खायो असिना पानी र घाम |
जो कहिल्यै गरेनन् आराम |
ज्यान जोखिममा राखेर सकायो,
एकसरो नाप नक्साको काम |
ती अग्रज सर्वेयरहरुलाइ छ |
हाम्रो सलाम सलाम सलाम |

जसलाई गर्न खोज्यो बदनाम |
तर पनि लिएन कहिल्यै विराम ||
जो सधै भयो प्रविधिको गुलाम |
गर्दै गयो नाप नक्साको काम |
ती अग्रज सर्वेयरहरुलाइ छ |
हाम्रो सलाम सलाम सलाम |

जसका लागि काम नै थियो राम |
जसका लागि काम नै थियो श्याम |
जसका लागि हिमाल पहाड र
तराई नै थियो चारै धाम |
ती अग्रज सर्वेयरहरुलाइ छ |
हाम्रो सलाम सलाम सलाम |

कहिल्यै खोजेनन् कामको इनाम |
कहिल्यै सोचेन के हुने हो अन्जाम |
ज्यान जोखिममा राखेर गर्यो,
दिनरात नाप नक्साको काम |
ती अग्रज सर्वेयरहरुलाइ छ |
हाम्रो सलाम सलाम सलाम |

न त बुझ्यो हिन्दु, न त बुझ्यो बौद्ध,
न त बुझ्यो इस्लाम |
गरेनन् आफ्नो कर्म धर्मको लिलाम |
ज्यान जोखिममा राखेर गर्यो,
दिनरात नाप नक्साको काम |
ती अग्रज सर्वेयरहरुलाइ छ |
हाम्रो सलाम सलाम सलाम |

ती अग्रज सर्वेयरहरु छन् ,
हाम्रा लागि मान्छे फलाम |
आज तमाम युवा सर्वेयरले गर्नुपर्दछ सलाम |
ती अग्रज सर्वेयरहरुलाइ छ |
हाम्रो सलाम सलाम सलाम |

...

**हामी सर्भेयर**



**रामविनय कुमार सिंह**
प्रमुख नापी अधिकृत
नापी कार्यालय धलिखेल

हामी सर्भेयरको छ ठुलो योगदान ।
सर्भेयरले नै गरेका छौ जग्गा जमिनको पहिचान ।।
हामीहरुले वगाएको रगत पसिनाले नै ।
राज्यले उठाउन पाएको छ जग्गामा लगान ।।

हिमालको चिसो हिँउ खेप्छौ ।
खेप्छौ तराईको प्रचण्ड घाम ।।
तैपनि पाउदैनौ हामी कहिले
राज्यवाट उचित सम्मान ।।

शुरुमा तलवभन्दा वढी भत्ता हुन्थ्यो ।
सुन्ने गर्छौ गुणगान ।।
अहिले त खाजा खर्च पनि आँउदैन भत्ताले
तैपनि गर्नु पर्छ फिल्डमा नापीको काम ।।

यहि मुलुकमा ए.सी. मा बसी
पाउछन कतिपयले २०० % सम्म बढी दाम ।।
खै कहिले पाँउछौ हामी सर्भेयर
यस राज्यबाट उचित सम्मान ।।

जापानमा सुन्न पाए थेँ, नेपाल ह्याज गुड कैडस्ट्रल म्याप ।
साँचै भनौ मैले त्यो बेला , मनै मन बजाएको कलैप्स ।।
जंजिर (चेन) देखि भू-उपग्रह (स्याटेलाइट) सम्म

गर्न सक्यौ हामीले काम ।
तैपनि हामी सर्भेयरले पाईरहेका छैनौ
राज्यबाट उचित सम्मान ।।

...

**जीवन भित्र नक्सा**




**विद्रोही विवेक**
सर्भेक्षक, नापी विभाग

विश्वको यो उच्च शिर, नेपालको शान।
सर्भेयरले मात्र सक्छ, निकाल्न लाई मान॥

कति होला उचाइ भन्ने, कौतुहलता लाग्यो।
समतलन नापी गर्ने, मनमा रहर जाग्यो॥

समुद्री सतह देखी, आरएल क्यारी गर्छु।
अथक मेहनत प्रयास, गर्दै सगरमाथा नाप्छु।

शिखरका चुली चुम्न, कहाँ सजिलो छ र?
सर्भेयरका पिडा बुझ्ने, यहाँ को नै छ र?

जीवन भित्र नक्सा छ की, नक्सा भित्र जीवन।
ए प्यारी नाप्दै छु म, हिमाल पहाड मैदान॥

मैदानमा खटेपछि बाधा व्यवधान आउन सक्छन।
कति बस्तु समेटिन्छन कति छुट्न सक्छन॥

मान नापले शुद्धता लाइ निर्धारण गर्छ।
घनाबस्ती गाउँ जंगल नाप्दै हिड्नु पर्छ।

बन्दुक बोक्ने सिपाहीले देशको रक्षा गर्छ।
पेन्सिल बोक्ने सर्भेयरले देशको सिमा कोर्छ॥

नापजाँचमा पाँच वटा सिद्धान्त बुझ्नुपर्छ।
पुर्णबाट अंश हुदै स्वतन्त्र जाँच॥

फर्की आउने घर कहिले अझै टुङ्गो छैन।
कालापानी सुस्ता विवाद अझै टुंङ्या छैन॥

याहाँ छिमेकीले मिचेको छ कालापानी सुस्ता।
अभिलेख सन्धि हेरी फिर्ता ल्याउनु पर्छ॥

...

**मेरो पेशा**



**शिव बहादुर चन्द**
नापी अधिकृत, अख्तियार दुरुपयोग
अनुसन्धान आयोग कार्यालय, हेटौडा

मैले देखेको छु अग्रजले काममा रात काटेको ,
पेशाको लागि भनेर आफ्नो दुखसँग खुसी साँटेको |
अग्रजले बनाएको कालो नक्सा तिमिले रङ्गिन बनायौ,

डिजिटलको नाऊ दिइ प्रबिधिलाइ घांडो बनायौ |
आफ्नै पौरखले बनाएको नक्सालाइ,
दुनियाको आंखामा छारो हालि खाने भांडो बनायौ |

गाऊघरको ढिढो पिठो खाइ बनाएको नक्सामा ,
तिमिले चकाचौंध शहरको रेस्टुरेन्टमा बसेर
टुक्रा टुक्रा प्लटिङ गरि शहरमा आफ्नो महल बनायौ |

नगर्नु भनेको काम गरयौ गर्नु भनेको काम गरेनौ ,
त्यहि नक्सालाइ मेटाउने घोटाउने के के मात्रै गरेनौ ?

अलि अलि दोष त मेरो पनि छ ,
मैले अग्रजलाइ श्रद्धा गरे तिमिलाइ बिश्वास गरे ,
श्रद्धाको बदला हौसला पाए बिश्वासको बदला अफ्ठेरोमा परे |

एक मनले भन्छ यो पेशा छोडौं ,
अर्को मनले भन्छ शासन सगं लडौं |
दोधारमा रहेको मेरो पेशा कस्को आंगनमा लगेर छोडौं ?

हाम्रो पेशाको सुरक्षाको चिन्ता कसले गर्छ?
पेशा नै छैन भने हाम्रो इलम पनि मर्छ |
हातेमालो गरि नया सम्बन्ध रचाऔं ,
त्यसैले मित्रहरु आफु पनि बचौं नापी पनि बचाऔं |

...

**नापी: मेरो दैनिकी**



**श्रीकृष्ण भण्डारी**
सर्भेक्षक, नापी कार्यालय बनेपा
(डिजिटल)

विहान घाम झुल्कि
म जुरुक्क उठे,
उठाए साथीहरुलाई झक्झकाएर ॥
चिया सूरुप्प पारी, एउटा रोटी टोकि,
मनलाई उत्साहित बनाएर ॥

उठाए त्रिखुट्टी, हिड्न लगाए साथीहरुलाई
थियोडोलाइट बोकाएर,
उकालि चढ्दै, खोलाहरु तर्दै
पसिनाहरु बगाएर ॥

गाह्रो भयो भन्दै सामानहरु साट्दै
हिड्यौ सघाएर,
गितको धुनमा, अर्कै दुनिया यो मनमा
थकान भगाएर ॥

आहा  कति शित्तल हावा, कति मिठो यो यात्रा
चराचुरुङ्गीले गीत गाएर,
उकालो बाटो यो छोट्याइ दियो साथीले
अधुरो प्रेम कथा सुनाएर ॥

न घाम पानी, न हावा हुरी
रोकेन भोकले,
तिर्खा नी मेटियो, खोल्सीको पानीले
होइन नी शोखले ॥

Back sight Set  गर्न जाने साथीले मेसिनमा बसेको साथीलाई भन्छ
साथी सेट गर मेसिन, म व्याक साइट राख्छु
नभुले इरोर चेक गर्नलाई ॥
मेसिन सेट गर्ने साथीले रिप्लाइ दिन्छ
तिमी नि व्याक साइट राखे है साथी
त्रिखुट्टी नहल्लाइ ॥

झाडिमा हराएको साथीलाई मेसिनमा बसेको साथीले भन्छ
कता छौ साथी रड देखाइदेऊ
टाउको माथी उठाइ,
अर्को पोइन्टमा नी राखे है साथी
तिम्रो हाइट बताइ ॥

“रड समाएर गाह्रो भएपछि”
हात दुखि सक्यो, काँडाले घोच्छ
के गर्दै हो साथीले,

जहिले अप्ठ्यारोमा पठाउछन
हान्दिम की क्या हो लात्तिले ।।

भयो भयो साथी अँध्यारो भयो
आजलाई यति भो,
प्याक गरौँ मेसिन तताऔं बाटो
किन रिसाएको यति हो ।।

त्यही खोला, त्यही बाटो
जोस पनि उत्तिकै,
फर्किदै गर्दा, अध्ँयारो भयो
थकाइले भुतुक्कै ।।

आराम गरौँला साथी,
पहिले हात खुट्टा धोइहाल,
आज त भात, मासुको साथ
खाइन्छ दुई थाल ।।

खाटमा पल्टि, यो मिठो निन्द्रा
थकान भुलेर,
दैनिकी यस्तै चल्दै छ साथी
नाप्दै अनि डुलेर ।

...

*२०७९ भाद्र १७ गते, शुक्रबार*

## केराको घरी

लघुकथा



**संजय मानन्धर**
प्रमुख नापी अधिकृत, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

करेसावारीको डिलमा ठिङ्ग उभिएको,
केराबोटको घरीमा झुण्डिएको हरियो रङ्गको केरा हेर्दै बालाई सोध्छु,
“बा ! केरा कहिले खाने?” बा भन्नुहुन्छ, “पख न पख, अहिले काँच्चै छ।”

प्रतिक्षाको फल मिठो हुन्छ, भन्थे अनि पर्खने बानी त सानैदेखिको हो, मेरो नि।एक शनिवारका दिन, बा वारीको डिलमा केराको घरी काट्दै गरेको देख्दा पत्याउनै गार्हो भएर आँखा मिचेर यसो हेर्छु।साँच्चीकै बा त केराको घरी काटेर आँगनको डिल माथी राख्दै गरेको पो।म कुदेर बा नजिकै पुग्छु।

बाले सोध्नुहुन्छ, “सदरमुकाम जान्छौ?”

उत्तर भन्दा नि “अनि, यो केरा नि?” सशंकित हुंदै प्रश्न सोध्छु।

“यो पनि लिएर जाने हो। तिमि नि जान्छौ?” बा सोध्नुहुन्छ।

मलाई नि के चाहियो। केरासँगै सदरमुकाम जाने मौका पाउने भएपछि, एकैपटक “हुन्छ” भन्छु।

सदरमुकामको यात्रा शुरु भो।बा, अघि अघि, बाको ढाडमा बोकेको केराको घरी बा सँगसँगै, अनि पछि पछि म फुच्चे लुखुर लुखुर...

बाटो विच-विचमा, त्यो बाले ढाडमा बोकेको पहेंलो, चिल्लो तल्केका केराको केस्राहरु लहरै मिलेका... हेर्दै अघि बढ्छु।

“त्यो मोटो केस्रा भन्दा, ठिक्कको मिठो होला, सानो त के खानु, त्यत्रो घरीमा?” मनमनै कुरेल्दै, मुखमा पानी रसाउँदै बालाई फेरी सोध्छु, “बा, केरा कहिले खाने?”

“पख न पख।“ विस्तारै बोल्नुहुन्छ बा, अनि अघि वढिरहनुहुन्छ।

सदरमुकामको उपल्लो कुनाको एउटा राम्रै घरको अगाडी पुगेपछि,

केराको घरी मलाई थाम्न दिनुहुन्छ।

बाहिरैबाट त्यहाँ कसैलाई बोलाउनुहुन्छ, बा।एकजना ठाँटिलो व्यक्ति वाहिर निस्कँदै गर्दा हत्तपत्त बा तनक्क तन्कन्नु हुन्छ, अनि अलि धेरै झुकेर केहि अघि वढेर दुईहात जोडी नमस्कार गर्नुहुन्छ।अनि मैले थामेको केराको घरी “खोई लेउ” भनि लिएर त्यो मान्छेलाई दिनुहुन्छ।

त्यहाँबाट निस्केर, केहि पर पुगेपछि, मन नथामिएर बालाई सोध्छु “बा केरा?”
बा भन्नुहुन्छ “अघि त्यो सरलाई दिएको देखेनौ?, हिंड, तिमीलाई मिठाई किनिदिन्छु”
“अनि त्यो सर को नि?” म उत्सुक भएर सोध्छु ।
“अमिन सर, हो” बा फुर्तीले भन्नुहुन्छ।

सकारात्मक सोच विषयको कक्षामा एकजना विज्ञसरको यो कथावाचन सुन्दै गर्दा केहि हाँसो, केहि उत्सुकता सहित हामी मध्येका एकजना सहभागिले सोध्नुहुन्छ,

“त्यो अमिन सर को पर्नुभएछ?“

ति विज्ञसरले उत्तर दिनुभयो ”त्यो अमिन सर त थाहा भएन, त्यो फुच्चे चाहिँ मैं हुँ, एकाउन्न वर्ष अघिको गाँउको कथा, यहाँ तपाईहरुलाई सुनाउँदैछु।“

*२०७९ भाद्र १७ गते, शुक्रबार*

त्यो हल केहि सेकेण्ड स्तव्ध हुन्छ, भने केही सहभागी हाँसो रोक्न मुख छोपिरहन्छन्।

त्यहि क्षण, केही अगाडी वस्नुभएका सहभागि मध्येका अर्का विशिष्ट सरको मोबाईल वज्छ।टिरिङ्ग टिरिङ्ग....नम्बर हेर्दा नउठाइ नहुने आभाष देखिन्छ, वहाँ सरको भावबाट।

अलि कोल्टो पर्दै, सानो स्वरमा भन्नुहुन्छ,

"हजुर साथी, म सानो कार्यक्रममा छु, छोटोमा भन्नुस ना।के थियो?"

उताबाट फुस्फासाउँदो स्वरमा सुनिन्छ, "मेरो जग्गा दर्ता गर्न.... कति हो? आना बढेको छ रे, अनि भेट्न आउनु भनेको छ यार, तपाईंले चिनेको हो कि? के गर्ने होला......?"

................त्यसपछि मेरो ध्यान, सरको कुराकानी भन्दा नि,

भखरै सुनेको त्यो एकाउन्न वर्ष अघिको केराको घरीमा पुग्छ।

*"कथामा उल्लेखित अमिन सर कुनै पद नभई समग्र नापी प्रविधी पेशाका प्रतिनिधी पात्र हुन्।"*

...

## Granny Triangulation



**Sabina KC**
Trainee, Senior Survey Training

Hey triangulation you makes us wandering hither and thither
Would be better if we had a body feather
You demand the observation of three angles and one baseline
All day all weeks our dedication goes to thine
You made us parrot to rote your principle forgetting our name
Making engage in computation and calculation you gaining the fame
Sometimes I get puzzled scratching my head
"You are no longer young now" and I Laugh
Your diary blue book needs to update its paining my calf
You choose theodolite to T.S accomplishing your task
If you not simplify your procedure your Bacon and erecting signal will wear mask
(Sigh!) Yes Triangulation now only needs your soft pat
Your grandson GNNS also saying that!!

...

## सर्भेयर्स को पिडा




सरोज कुमार बि. के.
सर्भेक्षक, नापी कार्यालय दमक


\#    सर्भे एसोसिएसन तिमी छौ र त हाम्रो ताकत छ!
तिमी लाइ आजको सर्भे दिवस मा धेरै धेरै स्वागत छ!!

\# चैत बैशाखको प्रचण्ड घाम बनेर होइन सर्भे एसोसिएसन,
तिमी पुस माघ महिनाको पारिलो घाम बनेर आउ !
तिमी सधै शितल मल्हम बन्दीनु,
सर्भेयर्स हरु ज-जस्को चहराइ रहेको छ घाँउ !

तिमी लाइ सदैव हामी सर्भेयर्स बाट स्वागत छ,
यसरी नै सधै सर्भे दिवस मनाइ राख्न पाउँ!!

\#    गर्भको कुरा सगरमाथा को चुचुरो पनी,
हाम्रा सर्भेयरले चुमेको छ!

आज सर्भे दिवस मा सारा दु:ख पिडा भुलेर
हर्षले हाम्रो मन झुमेको छ !!

\# स्वागत का कुरा तिमी लाइ अझपनी धेरै गर्नु थियो,
केही छिन लाइ अन्तै वहन्छु!
सुखद र मिठो कुराले मात्र पुग्दैन
अव म सर्भेयर् को पिडा कहन्छु!!

\#    हाम्रा सर्भेयर हरु,न त भन्छ दिन रात,
नत भन्छ घाम पानी!
जहाँ पनि पुगेकै हुन्छ
रती भर दु:ख नमानी!!

\#    सगरमाथा सँसार कै अग्लो चुचुरो,
तराई उसले टेक्ने धरातल हो भने,
पहाड हुन इनका काख!
यि सबै हामीले नै नापेका हौ,
महासय हरु यि कुरा राम्ररी जानी राख!!

\#    सरकारले पनि अरु विषयमा धेरै ठाउँमा
धेरै कुरा बोलेका छन् !
तर यहाँ हरुलाइ आजसम्म थाहा छ ?
सर्भेयरले गरेको योगदान को बिषयमा
प्रतिफल हुने गरी
कतै मुख खोलेका छन्??!!

\#    सरकारले देश बनाउँने अरु विषयमा
नबोल्न भन्न खोजेको होइन,
हामीले गरेको योगदान को बिषयमा बोल्न चुकेको छ !
त्यसैले हामी प्रती गरेको कठोर ब्यवहार ले गर्दा
आज हाम्रो मन साहैं दुखेको छ !!

\#   महँगीले सगरमाथा को चुचुरो छोइ सक्यो,
तलब र भत्ता भने फेदमै अल्मलाइ रहेछ!
तेसैले त सर्भे एसोसिएसन चुप लागेर बस्न नसकी
जोडदार रूपले सल्बलाइ रहेछ!!

\#   साच्चै नै सर्भेयरले गरेको दुःख पिडा लाइ नियाल्यौ भने,
तिम्रो मन पक्कै छुनेछ!
यस्तै दमन र पिडा सर्भेयरलाइ दिइ राख्यौ भने,
एकदिन ज्वालामुखी भइ बिष्फोट हुनेछ!!
एकदिन ज्वालामुखी विष्फोट हुनेछ!!

\#   हाम्रो सुन्दर नेपाल मा तराइ ले पहाड,
पहाडले हिमाल बोके !
हाम्रा पिडा अझ धेरै छन
अरु भन्न चाहिँन यही बाट रोके!!

...

## कविता



**सुरजमाथा शून्य**
सर्भेक्षक, नापी कार्यालय बेलौरी

पूर्वको मेची देखि पश्चिमको काली

गौरवपूर्ण नेपाल हाम्रो, गाथा वीर नेपाली

गाउँ शहर नापी सक्यौँ, नाप्यौँ पहाड बेसी

डंगोल नापी पढ्थ्यौँ पैले, ऐले जियोडेसी

कित्तानापी नक्सामा न्यूमेरिकल भो आली

गौरवपूर्ण नेपाल हाम्रो, गाथा वीर नेपाली

सगरमाथा नाप्यौँ आफैं संगनणना गर्यौँ

हामी आफै सक्छौँ भन्ने सन्देश पनि छर्यौँ

मापन गर्न राख्ने छैनौँ कुनै ठाउँ खाली

गौरवपूर्ण नेपाल हाम्रो, गाथा वीर नेपाली

लिपुलेक र लिम्पियाको नक्सा अंकन गरि

जनताका मनमुटुमा देशभक्ति छरि

सयौँ थुङ्गा फूलका हामी, यो देश हाम्रो माली

गौरवपूर्ण नेपाल हाम्रो, गाथा वीर नेपाली

परिशुद्ध मापनलाई मानि आफ्नो धर्म

सर्भेयरको जिन्दगी यो नापी पेशा कर्म

चन्द्र सूर्य अंकित ध्वजा हातमा उचाली

गौरवपूर्ण नेपाल हाम्रो, गाथा वीर नेपाली

गौरवपूर्ण नेपाल हाम्रो, गाथा वीर नेपाली

-

...

**हाम्रो सर्भे**



**सुरेश जोशी**
प्रमुख नापी अधिकृत, नापी कार्यालय
बनेपा( डिजिटल)

१) फिरन्ते युग समाप्ति सँगै खेत बनाई
नापजाँच गरि व्यवस्थित भई बसे है रमाई
प्राचीन कालमा जमिन नाप्न ,सिपालु को थिए?
इजिप्ट ,चीन ,बेबिलोन बासी ,अगाडी सर्दिए ।।

२) जमिनको नक्सा बनाउन खप्पिस् बेबिलोन बासी हो
भूमिको लगन इजेप्टेसन्हरु, राम्ररी राख्द थे।
फ्रान्सले पहिलो कित्ताको नापी गरेर जमिन
घर खेत बारी के चाहिने हो, नापेर लौ किन।।

३) शूरुमा विकास भएको सर्भे, प्लेनटेबल सर्भे हो
नक्साका लागि उपयोग हुने, एरियल सर्भे हो ।
ट्र्याको र ट्रिग कम्पास अनि, चेन सर्भे पनि हुन्
इडेयम, लाइडार, जिएनएसएस अधुनिक विधि हुन्।।

४) नेपालमा पनि जग्गाको नापजाँच गरिने चलन
जयस्थिति मल्ल ज्यामितिज्ञ थे, उनैको पालामा ।
अब्बल, दोयम, सिम, चाहार गरि, जग्गाको किसिम
उठाउन सहज कर लिने चलन, अब्बल शासन ।।

५) नेपालमा जग्गा नाप्ने काम, डंगोल जातीले
राख्ने गर्थे लगत तिनले, खुब मिलाई भातीले ।
उन्नास साले नापजाँच ऐन, टेकेर कानुन
सचिव मन्त्री ना. अ. र अमिन, सबैले मानुन ।।

६) रोपनी आना विगाहा र कट्ठा, जग्गाको क्षेत्रफल
छुट्याउने साधन चेन र टेप, एकिन छ प्रतिफल ।
काभ्रे र सिन्धु जन्जीर नापी, भएको सुरुमा
पहाड, हिमाल, तराई, मधेस, त्यसपछि सबैमा ।।

७) जमिनमा गई नापजाँच गर्ने काम, त्रुटि रहितको
जनताको धन र इमानी मन, शुद्धता सहितको
वकसपत्र, मुद्दा र वण्डा, लिखतको पत्रमा
चनाखो बनौ नियम झन पढौ अबको सत्रमा ।।

८) नक्शामा टेकि ट्रा. चेक गर्दा जमिन बढे, पुर्जामा बढाए
बढेको जमिन मलाई नि भनि पैसा चाँहि नखाए
रेखाङ्कन गर्न फिक्स पोइन्ट हेरि माननाप अनुसार
विवाद् कम गरि काम गर्नु साथी, ऐनको यहि हो सार ।।

९) नक्सा र प्रिन्ट फिल्डबुक अनि, प्लटबुक उतार
ख्याल गरि हेर्ने बुझेर सारे, नगरे हतार

अफिसको नाम अप्ठ्यारो काम, विवाद अनि दोस
निर्णय उचित सामाधान् सहित, विभागले दुनिहोस्

१०) नापीमा नेलिस आधुनिक विधि साह्रै नै राम्रो हो
प्रत्येक कित्ता डिजिटल गर्न उपयोग हुने यो
"मेरो कित्ता" नि नयाँ विधि हो, उपयोग गर्नुहोस्
मोबाइलबाटै नक्सा र श्रेस्ता, घरैमा पाउनुहोस् ॥

११) पुर्वमा मेची, पश्चिममा काली, लिपुलेक हाम्रै हो
त्यहि ठाँउ राखी नक्सा नि ल्याइयो, त्यो काम नि राम्रै भो
सर्वोच्च शिखर सगरमाथा, मान पनि बढायो
अप्ठ्यारो शिखर नापेर ल्याइयो सान पनि बढायो ॥

१२) असिन विद्वान, दिग्गज व्यक्ति सबैमा आदर
हृदय भित्री खोलेर मैले, गर्दछु सादर
कर्मले दियो नापीको काम, शुभ होस कामना
अठ्ठार भदौ सर्भे दिवसको छ शुभकामना ॥

...

**अमिन  र जमिन**



**सुरेश जोशी**
प्रमुख नापी अधिकृत, नापी कार्यालय
बनेपा( डिजिटल)

१) हिमाल, पहाड, मधेस नाप्ने अमिनै राम्रो ।
अवकास लिनै लागेको, अन्ठाउन्न साले  कानुनै हाम्रो ॥

२) कित्ता कित्ता कोर्ने अमिनी !  अमिनी नै कित्ताको जननी ।
जननी मात्र का हो र? अमिनी तँ जमिदार सरह जमीन भएको जमिनी ॥

३) अमिन नभई नक्शा नबन्ने, नक्शा नभई कित्तानापी नचल्ने ।
त्यसैले होला, सायद ! सर्भेमा अमिनको व्यथा कसैले नसुन्ने ॥

४) जादुगरको छडी झै रंगी विरंगी नक्शा कोर्न सक्ने ।
विडम्वना के भनु ! आफैले कोरेको नक्शा आफै अफिसमा भेट्न नसक्ने ॥

५) फिल्ड नाप्छन् टिप्पणी लेख्छन, पुर्जा पनि बनाइदिन्छन् ।
पुनः नापीको हा. सा. गर्दा मालपोत मलाई मुखीया बनाइदिन्छन ॥

६) नापजाँच गरी निसाफ दिने कामै राम्रो ।
थाहा छ ? व्यही काम गर्न जन्मिएको उन्नाइस साले तन्नेरी कानुनै हाम्रो ॥

७) भुईचालो सँगै जन्मिएको बहत्तर साले भू- उपयोग ऐन ।
यहि ऐनले गर्दा बरै नापी र मालपोतको उडायो चैन ॥

८) साँध- साँध मिलि बनेको कित्तै कित्ता ।
त्यही कित्ता रेटी रेटी बनायो भकाडी रित्ता ॥

९) रात दिन नभनि नक्शामा रेखा कोर्न जान्ने ।
आँखा झिमिक्क पार्यो कि बरै अख्तियारले तालुमा हटौडाले हान्ने ॥

१०) नापनक्शा गर्नु, कुलोबाटो सट्टापट्टा पनि गर्नु।
आँखाको तारा बन्नु , सके आर आर आरको रामचरण बन्नु ।
आशिष तिमिलि बाहुबलीको कटप्पा नबन्नु ।

११) नक्शा हेर्नु, सर्जमिन गर्नु, त्यसै परे संधियार बोलाउने ।
अमिनी ! ख्याल गर्नु है भोग छ भन्दैमा भोग अनुसारको फयल नक्शा नबनाउनु ॥

१२) सिपालु छौ तिमी, सडक, बाटो अनि गोरेटो कोर्दै जानु ।
NeLIS  को नक्शामा खै गोरेटो बाटो भन्दा जमिनमा दगुर्दै नजानु ॥

१३) ससिम कित्ता पास हुन्छ उतैबाट यता पत्तै हुदैन ।
हे अमिनी पोहोर साल नापेको कित्ता यसपालि किन २ हात पुग्दैन ॥

१४ ) अलि बेसी अलि कम, छुट फरक पो छ कि ? ।
बारी सकिनै लाग्यो, कतै गुटको कहर पो छ कि ? ।

*२०७९ भाद्र १७ गते, शुक्रबार*

१५) हे ! अमिनी आकाश हेर्दै जाउँ, जमिन नाप्दै जाँउ।
कहले काही यसो वात गर्न मन लागे डिजिटल नापी बनेपा आँउ ॥

...